## बेलौरी नगरपालिकाको नवौं नगर सभा, १० आषाढ २०७९

## आर्थिक वर्ष : २०७९।८० को नीति तथा कार्यक्रम

## उपस्थित सम्पूर्ण नगर सभाका सदस्य ज्यूहरु,

नेपालको संविधान जारी भए पछी दोस्रो पटक सबै स्थानीय तहमा स्थानीय तह तथा वडाको निर्वाचन सम्पन्न भएको छ र सो निर्वाचनमा हामी सबैलाई आफ्नो अमूल्य मतदान गरी निर्वाचित गर्नुहुने बेलौरी नगरपालिकाबासी आमाबुबा, दाजुभाई, दिदिबहिनीहरु लगायत सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु ।

यस अवसरमा म मुलुकमा भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायत विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै विभिन्न राजनीतिक आन्दोलनका क्रममा बेपत्ता नागरिक,घाइते,योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

यस गरिमामय सभामा आर्थिक वर्ष २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ।

आर्थिक समृद्धि सुशासन र विकासको मार्गमा बेलौरी नगरपालिका निरन्तर अघि बढिरहेको छ। सम्मानित नवौं नगरसभाबाट यस नगरपालिकाको भावी दिनहरुको विकासको मार्गचित्र कोर्नका निमित्त हामीलाई प्राप्त भएको सीमित श्रोत र साधनको अधिकतम सदुपयोग गरी सबै क्षेत्र र वर्गको विकासका अधिकतम आवश्यकता पुरा गर्ने लक्ष्य राख्नुपर्ने जिम्मेवारी हामी सबैको रहन्छ। यसका लागि संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, नगरपालिकाको आन्तरिक श्रोत लगायत अन्य विकास साझेदारहरुबाट प्राप्त हुन सक्ने सहयोग समेतलाई मध्यनजर गर्दै आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम तयार गरी समृद्ध नगर निर्माण गर्न हामी सबै दृढ संकल्पित छौ ।

आगामी आर्थिक वर्षका लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न बेलौरी नगरबासी तथा सबै पेशा, व्यवसायमा आवद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

**नगर सभाका सदस्य ज्यूहरु,**

अब, म यस गरिमामय सभामा आर्थिक वर्ष २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक क्षेत्र :** आर्थिक विकास समष्टिगत विकासको मूल आधार हो। यो विकासको मेरुदण्ड हो।आर्थिक क्षेत्रको विकास कुनै पनि राष्ट्रको समृद्धि र आत्मनिर्भरताको लागि अपरिहार्य छ ।

संघीय सरकारले ल्याएको समृद्ध नेपाल सुखी नेपाली भन्ने नारालाई स्थानीय स्तरमा नै जनताले अनुभूति हुने गरी आर्थिक कार्यक्रमलाई अघि बढाउन यस नगरपालिकाले आ.व. २०७९।०८० मा आर्थिक क्षेत्रमा तपशिल बमोजिमका नीति तथा तथा कार्यक्रम तय गरेको छ।

**कृषि तथा पशुपालन**

- कृषिको आधुनिकीकरण, यान्त्रीकरण, विशिष्टीकरण र व्यवसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धिमा जोड दिईनेछ । व्यवसायिक, सामूहिक, सहकारी र करार खेतीमा युवाहरुलाई प्रोत्साहित गरिनेछ ।
- बासबाट विभिन्न सामाग्री बनाउनका लागि वेरोजगार वा नयाँ युवा प्रतिभाहरुलाई प्रोत्साहन गरी नविन सिप तथा प्रविधि मार्फत उद्यमशिल बनाइनेछ ।
- **"एक वडा एक उत्पादन पकेट क्षेत्र"** निर्धारण गरी कृषिलाई बढावा दिइनेछ ।कृषिको गुरु योजना तयार गरी सो अनुरुपको कार्यक्रम तय गरी कृषकको घरदैलोमा कार्यक्रम पुर्याइनेछ ।
- बेलौरी नगरपालिका क्षेत्रभित्र उत्पादन हुने तोरीको तेललाई ब्राण्डिङ्ग गरी बजारीकरणका लागि आवश्यक प्रकृया अगाडी बढाईनेछ ।
- बेलौरी नगरपालिका भित्र उत्पादन हुने आलु तथा तरकारी भण्डारण लागि कोल्ड च्याम्बर निर्माण गरिनेछ ।
- जैविक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।कुनै विशेष क्षेत्रलाई प्रांगारिक क्षेत्र घोषणा गरी प्रांगारिक खेतीको विकास र विस्तार गरिनेछ ।
- कृषकहरुले कृषि कर्जा सजिलै प्राप्त गर्ने व्यवस्था मिलाउन वित्तीय संस्थाहरु संग आवश्यक समन्वय र सहकार्य गरिनेछ। कृषि तथा पशु बीमालाई किसान मैत्री बनाउनको लागि सम्बन्धित बीमा कम्पनीहरुसंग आवश्यक समन्वय गरिनेछ ।
- कृषि तथा पशुपालनलाई आधुनिकीकरण र व्यवसायमुखी बनाउदै नगरलाई खाद्यन्न, तरकारी, मासु, दुध तथा अण्डा उत्पादनमा आत्मनिर्भर बनाइनेछ । घाँसमा आधारित पुशपालन व्यवसायको विकास तथा प्रवर्द्धन गर्न घाँसको बीउ तथा बेर्ना उत्पादनको पकेट क्षेत्रको रुपमा विकास गरिनेछ।बंगुर, कुखुरा तथा बाख्रापालन, व्यवसायिकरणलाई प्रोत्साहित गर्न थप कार्यक्रमहरु संचालन गरिनेछ ।
- कृषिको क्षेत्रगत विकास गर्नको लागि सुरु गरिएको **नगर प्रमुख कृषि आधुनिकीकरण कार्यक्रमलाई** यस वर्ष पनि निरन्तरता दिइनेछ ।

- बेलौरी नगरपालिका वडा नं. ४ र ८ मा रहेको तरकारी तथा फलफुल कृषि हाट बजार स्थललाई आधुनिक र व्यवस्थित बनाई सञ्चालन गरिनेछ ।
- बेलौरी न.पा. वडा नं. ५ स्थित पशु हाट बजारलाई मर्मत सम्भार गरी सञ्चालनमा ल्याईनेछ।
- बेलौरी नगरपालिका क्षेत्रभित्र उत्पादन भएका तरकारी, फलफूल तथा अन्य उपज ढुवानीका लागि नगरपालिकाबाट खरिद गरिएको कृषि एम्बुलेन्स परिचालन गरिनेछ ।
- कृषक सूचिकरण कार्यक्रम सञ्चालन गरी किसान परिचय पत्र वितरण कार्य सूरु गरिनेछ।
- नगरस्तरीय कृषक संजाल पुर्नगठन गरी कृषि तथा पशुपालनको क्षेत्रमा हुने कामका लागि आवश्यक सहजीकरण एवं समन्वय गरिनेछ । कृषकहरुलाई कृषि सम्बन्धी सुचना प्रदान गर्नको लागि कृषि सुचना केन्द्रको स्थापना गरी संचालन गरिनेछ । कृषकहरुको व्यवसायिक ज्ञान, सीप र क्षमताको विकास सञ्चालन गरिदै आएको आवश्यक तालिम, गोष्ठीहरुलाई यस बर्ष पनि निरन्तरता दिईनेछ।
- कृषकहरुलाई उन्नत बीउ बीजन र मलमा सहयोगलाई निरन्तरता दिईनेछ । कृषि तथा पशुपालन क्षेत्रमा राम्रो र उत्कृष्ट काम गर्ने कृषकहरुलाई छनौट गरी पुरस्कृत गरिनेछ।
- कृषकहरुलाई सिचाईमा सहुलियतका लागि कृषि मिटरमा अनुदान उपलब्ध गराईनेछ ।
- कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि कृषि यान्त्रिकरण कार्यक्रम कृषकहरु तथा कृषक समूहहरुको लागत साझेदारी रहने गरी सञ्चालन एंव सामुहिक कृषि तथा पशुपालन कार्यलाई प्रेत्साहान गरिने छ।
- कृषिको हकमा उत्पादकत्व बढाउनका लागि विविधिकरण रु त्यही अनुरुपको उत्पादन योजना बनाई उन्नत उत्पादन पद्धतिको माध्यमबाट उपलब्ध खेति योग्य जमिनको प्रभावकारी उपयोग गरिनेछ ।
- **"हर घर, खाद्य र पोषणमा आत्मनिर्भर"** अभियानमा सबै समेट्ने उदेश्यले प्राविधिक तालिम, परामर्श वाहेक किसानका लागि प्रोत्साहन पनि गरिनेछ ।
- नश्ल सुधारको लागि सार्वजनिक निजि अवधारणामा आधुनिक "बिउ बैंक र ब्रिडिङ फार्म" स्थापना तथा संचालन गरिनेछ ।
- व्यवसायिक कृषि तथा पशुपालन कार्यलाई उन्नत पद्धति, नविन प्रविधियुक्त तथा पूर्ण यान्त्रिकिकरण गरि उच्च प्रतिस्पर्धात्मक बनाईनेछ।
- उद्योग मैत्री निती तथा सहयोग र सहकार्यको प्रत्याभूत गर्दै लगानी सुनिश्चित गरिनेछ ।
- किसानहरुलाई सहकारीमा र सहकारीहरुलाई विशिष्टकृत सहकारीमा आवद्ध गराउदै सोको लगानी तथा व्यवस्थापनमा उद्योग व्यवसायहरु स्थापना तथा संचालन गरिनेछ ।
- स्वच्छ र स्वस्थ्य उत्पादन, त्यस अनुसारको उत्पादन पद्धतीको अवलम्बन, सोको गुणस्तर मापन र प्रमाणिकरणको व्यव्स्था गरिनेछ ।

- नवीनतम् प्रविधिमा आधारित मासु उत्पादनका लागि बट्टाई, कालिज, अस्ट्रिच, खरायो लगायत अन्य पशुपन्छी पालन कार्यलाई प्रवर्द्धन गरिनेछ ।
- बेलौरी नगरपालिकाबाट गत विगतमा वितरण गरिएका कृषि यन्त्र तथा उपकरणहरुको प्रभावकारी उपयोग भए नभएको अनुगमन गरिनेछ ।
- पशुपन्छी तथा पशुजन्य उत्पादन, बजारीकरण तथा प्रवर्द्धनका स्वच्छ मासु प्रशोधन तथा बिक्रीस्थल व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- एकल महिला, मुक्त हलिया, मुक्त कमैया, मुक्त कमलरी, बादी, दलित, अपाङ्गता भएका व्यक्ति र द्वन्द्व प्रभावित वर्गका लागि लक्षित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**पर्यटन**

- पर्यटनमा टेवा पुग्ने गरी नगरपालिका भित्र थारु जातीको भाषा, संस्कृती तथा सम्पदाहरुको संरक्षण तथा प्रचार प्रसारमा जोड दिइनेछ ।
- नगरपालिका भित्र रहेका अमूल्य प्राकृतिक स्रोतहरुको व्यवस्थापन र संरक्षण गरी पर्यटन पर्वद्धनमा जोड दिइनेछ ।
- पर्यटनमा टेवा पुर्‍याउन नगर क्षेत्र भित्रका पर्यटकीय दृष्टिले महत्वपूर्ण तथा पर्यटकले उपयोग गर्ने क्षेत्रहरुलाई सुचिकृत गरी त्यस्ता क्षेत्रको प्रचार प्रसार, सार्वजनिक सौचालय, फोहरमैला व्यवस्थापन तथा वातावरण संरक्षणमा विशेष जोड दिई आकर्षक पर्यटन गन्तव्यका रुपमा विकास गरिनेछ ।
- प्रमुख पर्यटकीय क्षेत्रमा सडकको पहुंच तथा व्यवस्थित पुर्वाधारयुक्त बनाउन संघ तथा प्रदेश सरकार संग समन्वय गरिनेछ ।
- बेलौरीलाई Agro Tourism को रुपमा विकास गरी रोजगारी सृजना गर्न उखु खेति लगायत अन्य क्षेत्रको पहिचान गरी प्राप्त वजेटको व्यवस्था गरिनेछ ।
- **"पाहुनाको सत्कार, बेलौरीको संस्कार"** भन्ने नाराका साथ पर्यटन उद्योगलाई सेवामूलक, व्यावसायिक, र प्रभावकारी बनाउन क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- पर्यटकीय स्थलको पहिचानका लागि पर्यटकीय क्षेत्रको नक्साङ्कन गर्ने कार्य अगाडि बढाइनेछ ।
- शोभातालमा थारु होम स्टे सञ्चालनमा ल्याईनेछ ।

**सहकारी एवं वित्तीय व्यवस्थापन क्षेत्र :**

- लघु वित्त संस्थाको अनुगमन कार्यलाई गम्भिर्यताका साथ अगाडी बढाईनेछ ।
- सहकारी क्षेत्रको सहकारी दर्ता, नविकरण खारेजि तथा अनुदान वितरण सम्वन्धी मापदण्ड सहितको कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।
- बेलौरी नगरपालिका क्षेत्र भित्र रहेका सहकारी संघ संस्थाहरुको संचालन प्रक्रियालाई व्यवस्थित, गुणस्तरीय र पारदर्शि बनाउदै सहकारी क्षेत्रको विकास प्रवर्द्धनको लागि तालिम, क्षमता विकास नियमन तथा अनुगमनमा विशेष जोड दिइनेछ। साथै प्रत्येक वडामा कम्तीमा १ वटा नमुना सहकारी विकासमा जोड दिइनेछ र सहकारी तथा गरिवी सम्वन्धी ब्यवस्थापन सुचना प्रणाली (कोपोमिसःCOPOMIS) कार्यक्रम अगाडी बढाइने छ।

- महिला बचत समुह तथा महिला सहकारी संस्थाहरुको संस्थागत क्षमता विकास गरिनेछ। अति विपन्न वर्गहरुलाई आफुले गरेको कमाईको नियमित रुपमा सानो सानो बचत गर्ने बानीको विकास गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । स्थानिय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरुको स्थागत तथा क्षमता विकास गर्नुका साथै विकासमा सहकारी संगको साझेदारी र सहकार्यमा जोड दिइनेछ ।
- सबै परिवारलाई सहाकारीमा पहुँच हुने गरि सहकारी संस्थाको व्यवस्था, नियमन, संरक्षण र प्रवर्द्धन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । सहकारी मार्फत कृषि तथा दुध जन्य उत्पादनको खरिद विक्रि प्रकृयालाई सरलीकरण गरी उत्पादक तथा उपभोक्ताको हित गरिनेछ ।
- सहकारी सम्बन्धी स्थानीय सहकारिहरुलाई विधि सम्मत ढङ्गबाट संचालन गर्ने र नियमन गर्न सूचना प्रविधिमा आधारित एकिकृत तथ्याङ्क निर्माण र अध्यावधिक गरिनेछ ।
- स्थानिय सहकारी संस्थाका पदाधिकारी, कर्मचारिहरुलाई लक्षित सहकारीको शिक्षाको माध्यमबाट सहकारी व्यवसाय प्रवर्द्धन गरिनेछ । सहकारीका सदस्यहरुलाई सहकारी शिक्षाको नियमित व्यवस्था मिलाउन सम्बन्धित सहकारी संस्थाहरुलाई जिम्मेवार बनाईनेछ ।
- सहकारी गाभ्ने / गाभिने (**Merger**) कार्यलाई प्रोत्साहित गरिनेछ ।
- जैविक मल प्रयोग गरी हुने अर्गानिक खेतिका लागि सहकारी मार्फत सरल ऋण प्रवाहका लागि सहजिकरण गरिनेछ ।
- नगर स्तरीय सहकारी सञ्जाल सञ्चालन गरिनेछ ।
- **"एक सहकारी, एक उत्पादन कार्यक्रम"** सञ्चालन गरिनेछ । सहकारी सञ्जाल मार्फत सञ्चालन हुने गरी समुदायस्तरमा सीप विकास तथा आयआर्जन तालीम प्रदान गरिनेछ ।
- बिउ उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाउनका लागि सहकारी संग समन्वय गरिनेछ ।
- वीत्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
- लघु वित्त तथा सहकारी संस्था संग अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ ।

**<u>उद्योग</u>**

- साना तथा घरेलु उद्योगबाट उत्पादन हुने वस्तुहरुलाई प्रोत्साहन गरिनेछ ।स्थानिय स्तरको कच्चा पदार्थद्वारा बस्तु उत्पादनका लागि अनुदानको व्यवस्था गरिनेछ ।
- नगर क्षेत्र भित्र व्यापार व्यवसायको विविधिकरण गरी सबै प्रकारका बस्तु उपलब्ध हुने वातावरण सृजना गरिनेछ । यसका लागि स्थानिय हाट बजारको व्यवस्था सहित सपिङ कम्प्लेक्स तथा डिपार्टमेन्ट स्टोर खोल्नका लागि निजि क्षेत्रलाई प्रोत्साहित गरि बजारको व्यवस्थापन गरिनेछ ।
- स्थानिय आर्थिक विकासलाई टेवा पुर्‍याउने किसिमका ठूला तथा मध्यम व्यवसाय स्थापना र संचालनमा संघ तथा प्रदेश सरकार संग समन्वय गरिनेछ ।
- **"सीप सिकौं, उद्यमी बनौं"** नारालाई साकार पार्न महिला, दलित, विपन्न, सीमान्तकृत, अल्पसंख्यक, पिछडिएका वर्ग र द्वन्द्व प्रभावितलाई व्यावसायिक, सीपमूलक र रोजगारमूलक तालीमसहित उद्यमशीलतामा सहयोग पुर्‍याउने बीउ पुँजी र प्रविधि अनुदान उपलब्ध गराइनेछ

- वेरोजगार व्यक्तीहरुले आफु संग भएको सोच सिप र अनुभवका आधारमा स्वरोजगार हुन चाहेमा आवश्यक पर्ने सिप तथा उद्यमशिलता तालिम प्रदान गरिनेछ ।
- स्थानिय स्तरमा उत्पादन हुने वस्तुहरुको उचित मूल्य निर्धारण र बजार व्यवस्थापन गरी स्थानीय उत्पादनलाई रोजगारी अवसर संग आवद्ध गर्दै लगिनेछ ।
- बेलौर नगरपालिका क्षेत्र भित्र जडिबुटी उत्पादन प्राथमिकता दिदै जडिबुटीजन्य उधोग सञ्चालनका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

<u>१.५ अन्य सीपमुलक तथा आयमुलक कार्यक्रमहरु</u>

- विपन्न महिलाहरुको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु मार्फत स्वरोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।
- परम्परागत रुपमा आफ्नो सीप तथा पेशा सञ्चालन गर्दै आइरहेका दलित समुदायहरुको व्यवसायलाई आधुनिकीकरण तथा बजारीकरण गर्न आवश्यक सीपमूलक तालिम तथा प्रविधि प्रदान गरिनेछ।परम्परागत कृषि पेशालाई व्यवसायीकरण गरिनेछ।
- बेरोजगारहरुको तथ्यांक संकलन गर्ने कार्यलाई अझै प्रभावकारी बनाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीमा रहेका व्यक्तिहरुको तथ्यांक अद्यावधिक गरी रोजगारीका क्षेत्रहरु पहिचान गरिनेछ र धेरै भन्दा धेरै बेरोजगारहरुको लागि रोजगारीको अवसर सिर्जना गरिनेछ।
- विपन्न तथा गरिब वर्गका यूवाहरुलाई सीपमुलक तथा आयमुलक कार्यक्रम संचालन गरी स्वरोजगार बनाइने नीति लिइनेछ।
- एकल महिला, एकल पुरुष, विपन्न वर्ग, आरक्ष पिडित, द्वन्द पिडित, शहिद तथा वेपत्ता परिवार र भूमीहिन सुकुम्बासीहरुको लागि विशेष कार्यक्रम गरी आत्मनिर्भर हुने तर्फ आवश्यक प्रोत्साहन गरिनेछ ।
- कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, पूर्वाधार लगायत क्षेत्रका लागि उपलब्ध सिप तथा बजारको माग आवधिक रुपमा विश्लेषण गरी नागरिकको सिप विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- स्थानिय स्तरमा उत्पादन भएका व्स्तुहरुलाई स्थानीय तहमा नै प्रयोगमा ल्याउने निति अनुरुप बिभिन्न निजि तथा सार्वजनिक निकाय संग समन्वय गरिनेछ ।

**<u>२. सामाजिक क्षेत्र</u>** : सामाजिक क्षेत्रको विकास हुन सकेमा मात्र दिगो र सन्तुलित विकास सम्भव छ । नेपालको संविधानले व्यवस्था गरेको मौलिक हकहरुको कार्यान्वयन, १५ औं योजनाले अबलम्बन गरेको सामाजिक क्षेत्रका कार्यक्रमहरु, दिगो विकासका लक्ष्यहरु तथा नेपालले अन्तराष्ट्रिय जगतमा

गरेका प्रतिबद्धताहरुलाई पुरा गर्ने, लक्षित वर्गको शसक्तिकरण, क्षमता विकास र सामाजिक न्यायको प्रत्याभूति प्रदान गर्नको लागि सामाजिक क्षेत्रमा निम्नानुसारको काम गर्ने नीति लिइएको छ ।

## २.१ शिक्षा तथा खेलकुद

- **"हाम्रो विद्यालय : राम्रो विद्यालय"** बनाउने अभियानका साथ सरोकारवालाको क्षमता विकास तथा समुदाय विद्यालय सम्वन्ध विकास गरिने छ।
- नगरपालिका भित्र आधारभुत तहसम्म अध्ययनरत सबै बालबालिकाहरुलाई शिक्षा उपलब्ध गराउने राष्ट्रीय नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। विद्यार्थी अनुपातमा विद्यालयहरुलाई अनुदानको व्यवस्था गरिनेछ।
- नगरपालिका क्षेत्रभित्र रहेका बहुमुखी क्याम्पसहरुको पूर्वाधार विकास तथा शैक्षिक गुणस्तर वृद्धिको लागि आवश्यक पहल गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर वृद्धिको लागि आवश्यक पर्ने पूर्वाधार विकास, सूचना प्रविधि, शैक्षिक सामाग्री, विज्ञान प्रयोगशाला लगायत शिक्षकको दरबन्दी मिलान गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ ।
- नगर क्षेत्रमा खेलकुदको विकास र विस्तार गर्नको लागि मेयर कप , राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गरिनेछ । खेलकुदको हब क्षेत्र बनाउनको लागि आवश्यक खेलकुद व्यस्थापन तर्फ जोड दिइने, खेलाडीलाई आवश्यक प्रोत्साहन र खेल प्रशिक्षकहरुको व्यवस्थापन गरिनेछ ।
- सम्पूर्ण निजी विद्यालयहरुको मापदण्डको मूल्यांकन गरिनेछ । मापदण्ड पुरा नगरेका निजी विद्यालयको सम्बन्धन खारेज गरिनेछ।
- युवा जनशक्तिलाई बेलौरी नगरपालिकाको सेवाका लागि प्रेरित गर्न "मेरो विशेषज्ञता, मेरै नगरका लागि" भन्ने मर्म सहित पिछडिएको वर्गका जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययन छात्रवृती र अति विपन्न वर्गका विद्यार्थीहरुका लागि प्राविधिक डिप्लोमा अध्ययनका लागि आगामी आर्थिक बर्षका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयको गुणस्तर वृद्धिका लागि सिकाई उपलब्धीको मापन गरी उत्कृष्ट हुने विद्यालयलाई पुरस्कृत गरिनेछ । नगर शिक्षा समिति मार्फत मुल्यांकन अनुगमनको मापदण्ड तयार गरी मुल्यांकन अनुगमन कार्यलाई थप प्रभावकारी एवं व्यवस्थित गरिनेछ। नगर क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुको स्तरोन्नती गरी आधुनिक सुविधायुक्त नमुना विद्यालयको रुपमा विकास गरिनेछ।

- विपन्न दलित बालबालिकाहरुलाई शैक्षिक सामाग्री तथा विद्यालयमा पोशाकको व्यवस्था गरिनेछ । प्राविधिक तथा उच्च शिक्षामा अध्ययनरत दलित तथा आदिवासी जनजाति विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका विद्यालयहरु मध्येबाट उपयुक्त विद्यालय छनौट गरी नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालयको आवश्यकतामा राखिएका निजि श्रोतका शिक्षकहरुलाई प्रदान गरिदै आएको प्रोत्साहान भत्तालाई आवश्यकता अनुसार निरन्तरता दिईनेछ।

- शिक्षक, बालविकासका शिक्षिकाहरुलाई र कार्यालय सहयोगिहरुलाई प्रदान गरिदै आएको प्रोत्साहान भत्ता लाई आवश्यकता अनुसार निरन्तरता दिईनेछ ।
- सबै सामुदायिक विद्यालयको भौतिक संरचना अपाङ्गमैत्री र बालमैत्री बनाईनेछ ।
- आवश्यक सेवाको सुनिश्चितता नभएका सामुदायिक विद्यालयमा स्वच्छ र सफा खानेपानि शौचालय, घेरबार लगायत आवश्यक सेवाको सुनिश्चितता गरिनेछ ।
- बेलौरी नगरपालिका भित्र रहेका सामुदायिक विधालयलाई आवश्यकता अनुसार **Merge** गरिनेछ ।
- खेलकुद सामाग्रीको व्यवस्था नभएका विद्यालयहरुमा खेलकुद सामाग्रीको गरिनेछ ।
- शिक्षकको ज्ञान र सिप कक्षा कोठामा पुऱ्याइ बालबालिकाको सिकाइ उपलब्धि दर उच्च बनाउन उत्प्रेरणा, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन विधिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- निशुल्क र अनिवार्य विद्यालय शिक्षाको निति व्यवहारिक कार्यान्वयनमा लगिने वातावरण निर्माण गरिनेछ ।
- सामुदायिक विद्यायमा विज्ञान र प्राविधिक धार तर्फको विषय समावेश गरी नमूनाका रुपमा संचालन गराउन सम्बन्धित सरोकारवालाहरु संग सहकार्य गर्ने निति लिईनेछ ।
- व्यवहारिक जिवन उपयोगी शिक्षाको कार्यान्वयनमा विशेष जोड दिईनेछ ।
- सामुदायिक विद्यालयमा पुस्तकालय र उपकरणको उपलब्धता सहित कम्प्युटर शिक्षाको प्रभावकारी कार्यान्वयन र ई-हाजिरीको व्यवस्था गरिनेछ ।
- शिक्षकहरुलाई मागमा आधारित तालिमको व्यवस्था गरिनेछ ।
- नगरशिक्षा समिति र वडा शिक्षा समितिको क्षमता विकास गरिनेछ ।
- नगर स्तरीय शिक्षा अनुगमन समिति गठन गरी उक्त समिति मार्फत शिक्षा क्षेत्रको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाईने छ ।
- गत विगत वर्षझै यस वर्ष पनि नगर स्तरीय खेलकुदका लागि आवश्यक वजेटको व्यवस्थापन गरिनेछ ।

- नगर क्षेत्रमा मेडिकल कलेज, इन्जिनियरिङ कलेज, कृषि क्याम्पस खोल्नका लागि आवश्यक पहल गरिनेछ ।
- शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरमा दिइनेछ ।
- शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षकको पेशागत क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा यस नगरपालिकाको सहभागिता वृद्धि गर्न प्रोत्साहनमूलक कार्य सञ्चालन गरिनेछ ।
- सामुदायीक विद्यालयहरुका भवन रङरोगन तथा मर्मत सम्भार गरिनेछ ।
- उच्च शिक्षा अध्ययनरत जेहेन्दार, आदिवासी जनजाती, दलित, पिछडा वर्ग, द्वन्द पिडित, शहिद परिवा, जेहेन्दार विद्यार्थीहरुलाई छात्राबृत्तीको व्यवस्था गरिनेछ ।

## २.२ आधारभूत स्वास्थ्य

स्वच्छ, सफा, सुन्दर र हरित बेलौरी नगर अभियान कार्यक्रम सञ्चालन गरी नगरभित्र फोहोर व्यवस्थापनको लागि समुचित नीति तथा कार्यक्रम तय गरिनेछ । यसको लागि नगरभित्र फोहोर व्यवस्थापनका लागि कुहिने र नकुहिने फोहोरहरु छुट्याई त्यसको समुचित व्यवस्थापन र विर्षजन गरिनेछ । नगरपालिकाको फोहोरलाई व्यवस्थित ढंगले विर्सजन गर्ने दीर्घकालीन उपायको व्यवस्था गरिनेछ।

- सामुदायिक विद्यालयका माध्यमिक तहमा अध्ययनरत छात्राहरुको स्वास्थ्य तथा सरसफाइका लागि सेनेटरी प्याडको व्यवस्था गरिनेछ ।नगर भित्रका आवश्यक स्थानमा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ ।
- **“आमासंग उपमेयर कार्यक्रम”** सुत्केरी अवस्थामा पोषणयुक्त खानाको महत्व दर्शाई पोषणयुक्त खाना खाने बानीको विकास गर्न बेलौरी नगरपालिका क्षेत्रभरिका सुत्केरी आमालाई पोषण खाद्य सामग्री हस्तान्तरण सम्वन्धी **आमा संग उपमेयर कार्यक्रम** सञ्चालन गरिने छ र **“कुपोषण मुक्त नगरपालिका”** घोषणा अभियान कार्यक्रम क्रमशः संचालन गर्दै लगिने छ ।
- यस बेलौरी नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने सुत्केरी महिलालाई आकस्मिक अवस्थामा निजको घर देखि बेलौरी नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य केन्द्र,सेती प्रादेशिक अस्पताल तथा महाकाली प्रादेशिक अस्पताल सम्म पुर्याउन निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।
- श्रीपुर प्राथमिक स्वास्थ्य केन्द्रलाई सुविधा सम्पन्न (आई.सि.यु. र भेन्टीलेटर सहितको) अस्पतालमा स्तोन्नतीका लागि संघीय सरकार र प्रदेश सरकारसँग पहल गरिने छ ।
- जन स्वास्थ्यजन्य विपत्तीको अवस्थालाई मध्यनजर गरी शिघ्र संवोधन गर्न Rapid Response Team (द्रुत प्रतिकार्य समुह) बनाई आवश्यक तालिम, क्षमता विकासका कार्यक्रम संचालन गरिने छ ।

- यस नगरपालिकामा सवै वडाहरुमा गुणस्तरीय आधारभुत स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन आवश्यक प्रबन्ध मिलाईनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको क्षमता विकासमा जोड दिईनेछ । सवै स्वास्थ्य संस्थाहरुमा 'उचित जनशक्ति, स्रोत साधन तथा औषधिहरुको व्यवस्थापन प्रभावकारी ढंगले गरिनेछ ।
- नगरवासीहरुको स्वास्थ्य उपचारका क्रममा सर्व सुलभ औषधी उपलव्धताका लागि श्रीपुर प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालनमा रहेको फार्मेसी सेवालाई थप व्यवस्थित बनाईनेछ।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।मुक्त कमैया, दलित, मुक्त हलिया ,आरक्ष पिडित, द्वन्दमा घाईते, अपाङ्ग, शहिद तथा बेपत्ता परिवार र विपन्न परिवारलाई २५% अनुदानमा स्वास्थ्य विमा सञ्चालन गरिने छ ।
- नागरिकहरुको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्दै औषधिहरु गुणस्तरीय, सरल र सुलभ रुपमा उपलब्ध गराउन औषधि पसलहरुको नियमित रुपमा अनुगमन गर्ने कार्य गरिनेछ ।
- यस नगरपालिका क्षेत्रमा थारु समुदायको बढी बसोबास रहेको र यस समुदायमा गम्भिर स्वास्थ्य समस्याको रुपमा रहेको सिकलसेल एनिमिया रोगको समयमै पहिचान गरी उपचारमा सहजता ल्याउनका लागि सिकलसेल एनिमिया परिक्षण कार्यक्रमलाई निरन्तरता र विरामीहरुलाई पोषण भत्ताको व्यवस्था गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुले गरेको कार्यको उच्च मुल्यङ्कन गर्दै वार्षिक रुपमा प्रदान गरिने प्रोत्साहान भत्ता संघीय सरकारको नीति अनुरुप प्रदान गरिने छ।

- पूर्ण खोप युक्त नगरपालिकालाई दिगो राख्न सबै बालबालिकालाई खोप सेवा कार्यक्रम प्रभावकारी बनाईनेछ ।
- **"हाम्रो नगर, स्वस्थ नगर"** अभियान मार्फत क्षयरोग, कुष्ठरोग र मलेरिया जस्ता विभिन्न सरुवा रोगको निवारण तथा संस्थागत सुत्केरी अभियान र शुन्य कुपोषणका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।
- नेपाल सरकारको साझेदारीमा स्वास्थ्य बिमा कार्यक्रमलाई सहज र प्रवाहकारी बनाईनेछ ।
- श्रीपुर प्रा.स्वा.के मा रहेको फार्मेसी, एक्स रे,ल्याब र एम्बुलेन्सलाई २४ घण्टा सञ्चालनमा ल्याउनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सेवामा गरिब, सिमान्तकृत, दलित, महिला, बालबालिका, जेष्ठ नागरिक, असक्त तथा अपाङ्गता भएका तथा दिर्घ रोगिहरुको पहुच बढाउन स्वास्थ सिबिर, विशेषज्ञ स्वास्थ्य जाच कार्यक्रम जस्ता लक्षित कार्यक्रमहरु तय गरी लागु गरिनेछ ।

- स्वास्थ्य संस्थाको नयाँ भवन निर्माण, सेवा संचालन वा विस्तार गर्दा सकेसम्म बढि जनघनत्व भएको स्थान छनौट गरिनेछ ।
- नगरको ग्रामिण वडाहरु थप प्राथमिकतामा राखी हरेक बस्तीमा स्वास्थ्य सेवा बिस्तार गर्न हाल संचालनमा रहेका खोपकेन्द्र र गाँउ क्लिनिकलाई थप व्यवस्थित बनाई स्वास्थ्य चौकिबाट टाढा रहेको बस्तीहरुमा गैर सरकारी संस्था र निजि क्षेत्र सँगको सहकार्यमा घुम्ति सिविर संचालन गरिनेछ ।
- सबै वडाहरुमा व्यवस्थित तथा निश्चित ठाँउमा खोप क्लिनिकको भवन निर्माण गर्ने तथा सहरी स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टर र आपतकालित प्रसुति सेवा उपलब्ध गराईनेछ ।
- नगरबासीका लागि विभिन्न सामाजिक संजाल, नगरको वेभसाइट र स्वास्थ्य सूचना सम्बन्धी एप्स मार्फत नगर तथा वाह्य संघ संस्था मार्फत उपलब्ध हुने स्वास्थ्य सेवाको जानकारी र सचेतना मुलक सन्देश प्रवाह गरिनेछ ।
- स्वास्थ्य सेवामा संलग्न कर्मचारी तथा स्वास्थ्यकर्मिको मनोबल बृद्धि गर्दै भौतिक तथा पेशागत सुरक्षा सुनिश्चित गरिनेछ ।
- बेलौरी नगरपालिका वडा नं. ९, कुण्डा स्थित अस्थायी नगर अस्पताल स्तोरन्नती गरिनेछ।

## २.३ लैगिंक समानता तथा सामाजिक समावेशीकरण:

- महिला, दलित, जनजाती, अपाङ्गता भएका व्यक्ति लगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रवर्द्धन गरिनुका साथै महुसुस हुने गरी नगरको सेवालाई पहुच योग्य बनाईनेछ ।
- नगरमा निर्माण हुने हरेक सार्वजनिक संरचना अपाङ्गमैत्री, बालमैत्री र जेष्ठ नागरिकमैत्री बनाईनेछ।
- दुर्व्यबहार/बेचबिखनको जोखिममा परेका महिलाहरुको सुरक्षा र सुरक्षित बसोबासका लागि आवश्यक प्रवन्ध गरिनेछ ।
- आर्थिक सामाजिक र राजनितिक गनिविधिहरुमा महिलाहरुको सहभागिता अभिबृद्धि गर्ने निति अवलम्बन गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता वितरण थप प्रभावकारी बनाईनेछ।
- सामाजिक सुरक्षा सेवा प्राप्त गर्ने व्यक्तिहरुको प्रभावकारी तथ्यांक व्यवस्थापन गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनको प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ।
- यौनजन्य हिंसा, बलात्कार र एसिड आक्रमणजस्ता घटना सम्बन्धी अनुसन्धान, अन्वेषण एवं पैरवी कार्यमा सहयोग गर्ने राष्ट्रसेवक, सञ्चार जगत्, व्यक्ति वा संघसंस्थालाई विशेष पुरस्कारबाट सम्मान गरिनेछ ।

- बेलौरी नगरपालिका क्षेत्र भित्र रहेका वास्तविक द्वन्द पिडितहरुको तथ्याकं संकलन गरी निजहरुको स्वास्थ्य सेवामा सहज पँहूचको सुनिश्चितता गरिनेछ ।

**क) जेष्ठ नागरिक र अपाङ्ग :**

- अशक्त जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई सम्बन्धित वडा कार्यालयको सिफारिसमा समन्वय गरी सामाजिक सुरक्षा भत्ता घरदैलो मै गई प्रदान गरिनेछ ।
- असहाय, अपाङ्गता भएका ब्यक्तिलाई उद्धार र संरक्षण गर्न विशेष कार्यक्रम संचालन गरी सडक मानवमुक्त स्थानिय तह घोषणा गरिनेछ।
- बेलौरी नगरपालिका अन्तर्गत बसोबास गर्ने अशक्त जेष्ठ नागरिक तथा अपाङ्ग व्यक्तिहरुलाई घरमै गएर स्वास्थ्य परिक्षण तथा परामर्शका लागि बेलौरी नगरपालिकाका स्वास्थ्यकर्मी परिचालन गरिनेछ ।
- एकल महिला, जेष्ठ नागरिक, अपाङ्ग, सीमान्तकृत र लोपउन्मुख समुदायलाई सामाजिक सुरक्षाको ग्यारेन्टि गर्दै यातायात, स्वास्थ्य र शिक्षा सेवामा निशुल्क गर्न सबै सरोकारवाला निकायहरुसंग आवश्यक सहकार्य र समन्वय गरिनेछ।
- प्रत्येक वडामा जेष्ठ नागरिकहरुको लागि एकीकृत स्वास्थ्य शिविर संचालन गरिनेछ । समाजमा योगदान पुयाउनभएका जेष्ठ नागरिकहरुलाइ सम्मान गरिनेछ ।
- अपाङ्गहरुको तथ्याङ्क अद्यावधिक गरी अपाङ्ग समाग्री तथा हुइलचियर वितरण गरिने छ।
- अपाङ्गता भएका ब्यक्तिहरुको संख्यालाई मध्यनजर गरी नगरपालिकाको ग्रामिण क्षेत्रमा बर्षमा एक पटक परिचयपत्र शिविर संचालन गरिनेछ । अपाङ्गता भएका ब्यक्तिहरुको लागि सशक्तिकरण तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ र अपाङ्गता भएका ब्यक्तिहरुको गम्भीर्यतालाई हेरी आवश्यकता अनुसार सामग्री वितरण कार्य गरिनेछ।
- **“हाम्रो पुर्खा :हाम्रो शान : गरौ पुर्खाको सम्मान”** भन्ने नारा सहित जेष्ठ नागरिकहरुमा भएको ज्ञान सिपहरुको सदुपयोग हुने गरी जेष्ठ नागरिकहरुको दिनचर्यालाई सहज बनाउन नगरपालिका र सामुदायिक संयन्त्रहरुको सहकार्यमा दिवा सेवा केन्द्ररहरु संचालनका साथै रचनात्मक कार्यहरु संचालन गरिने छ।

**ख) महिला तथा बालबालिका :**

- एकल महिला, हिंसा पिडित महिला, द्धण्द्ध पिडित महिला, दलित महिला तथा पछाडी पारिएका महिलाहरुको लागि नेतृत्व क्षमता विकास, जनचेतनामुलक तथा सशक्तिकरण कार्यक्रमहरु संचालन तथा उनीहरुको उचित व्यवस्थापनको लागि सेफ हाउसको निर्माण गरिनेछ ।वेलौरी नगरपालिकालाई लैगिंक हिंसा मुक्त नगर घोषणाको लागि आवश्यक कार्य गरिनेछ ।

- महिलाहरुको सशक्तिकरण, नेतृत्व विकास, उद्यमशिलता र सिपविकास गरी महिलाहरुलाई विकास तथा योजना निर्माण योजना कार्यान्वयन र अनुगमनमा सहभागिता सुनिश्चित गर्दै नगरपालिका अर्न्तगत संचालन हुने योजनाहरुमा कम्तिमा ४० प्रतिशत सहभागिता सुनिश्चित गरिनेछ ।
- ग्रामिण महिलाहरुको आर्थिक अवस्थालाई सुधार्न विपन्न आय भएका महिलाहरुको आय आर्जनमा बृद्धि गर्ने सिपमुलक तालिम सञ्चालन गरिनेछ ।
- बेलौरी नगरपालिका क्षेत्रभित्रका श्रमिक बालबालिकाहरुको सुनिश्चित व्यवस्थापन गर्न सवै किसिमका बालश्रम अन्त्य गर्ने, बालबालिका माथी हुने सवै किसिमका हिंसा शोषण दुर्व्यहार अन्त्य गर्ने तथा बेलौरीलाई बालमैत्रिनगरका रुपमा घोषणा गर्नका लागि सचेतना, सशक्तिकरण एवं उपचारत्मक कार्यक्रमहरु संचालन गरिने छ ।
- मानव वेचविखन तथा ओसारपसार, असुरक्षित बसाईसराई , लागूऔषध दुर्व्यसनी जस्ता विषयहरुमा सचेतनामुलक तथा पुर्नस्थापनाको कार्यक्रम संचालन गरिनेछ ।
- बाल बालिकाहरुको शारीरिक तथा मानसिक स्वास्थलाई मध्यनजर गर्दै बालमैत्री खेलकुद कार्यक्रम तथा बौद्धिक रचनात्मक कार्यक्रमहरु तय गरिनेछ ।
  - महिलाहरुको संगठन मार्फत सामाजिक पूँजीको निर्माण गर्दै समाजमा हुने लागूपदार्थ सेवन, घरेलु हिंसा, बाल विवाह तथा चेलीबेटी बेचविखन आदि नियन्त्रण गर्न समाजमा हुने सबै खाले विकृति र विसंगतिका विरुद्धमा महिला सहकारी संस्था, किशोरी सञ्जाल, बाल क्लब संजाल तथा आमा समुहहरुको क्षमता विकासमा जोड दिइनेछ।
  - विभिन्न निकायहरुसँगको साझेदारीमा सडकमा रहेका बेसहारा, असहाय नागरिक तथा बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गरिनेछ ।
  - मानव वेचविखन तथा लैङ्गिक हिंसामा परेका आयआर्जन नभएका महिलाहरुका लागि अनुदानमा आधारित उधम सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

**<u>ग) आदिवासी जनजाती :</u>**

- आदिवासी, जनजाती, सीमान्तकृत वर्ग, लोपोन्मुख जाती र अल्पसंख्यक वर्गको लगत संकलन गरिनेछ । यी समुदायको उत्थान र विकासको लागि विशेष कार्यक्रम लागू गरिनेछ । सबै खालको मातृभाषा बोल्ने समुदायको भाषा र संस्कृतिको संरक्षण र सम्बर्द्धनको लागि आवश्यक कार्यक्रम बनाइ लागू गरिनेछ।
- राना थारु र चौधरी थारुको बाहुल्यता भएको क्षेत्रमा यी समुदायको भाषा तथा संस्कृति संरक्षण क्षेत्र घोषणा गरी यी समुदायको परम्परा, संस्कृति, संस्कार, भेषभूषा आदिको संरक्षण सम्बर्द्धन, प्रवर्द्धन र विकास गर्दै पर्यटकीय गाँउको रुपमा विकास तथा स्थापना गर्न संघीय र प्रदेश सरकार संग आवश्यक पहल गरिनेछ ।

- सबै प्रकारका आदिवासी जनजाती समुदायका युवायुवतीहरुको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
- वर्षौं देखी थारु समुदायमा चल्दै आएको भलमन्सा प्रथाले आफ्नो समुदायमा मेलमिलापकर्ता र नेतृत्वदायी भूमिका निर्वाह गर्दै आई रहेकोले भलमन्सा ऐन २०७८ बमोजिम कार्यविधी बनाई भलमन्साहरुको क्षमता विकासको लागि संचालन हुँदै आएका तालिम एंव क्षमता अभिवृद्दी कार्यक्रम तथा वार्षिक रुपले प्रदान गर्दै आईरहेको प्रोत्साहन भत्तालाई यस बर्ष पनि निरन्तरता दिईनेछ ।

__घ) दलित तथा अन्य विपन्न वर्ग :__

- सुकुम्बासी र भूमीहिन दलितहरुको लागि जनता आवास कार्यक्रमलाई अझ बढि प्रभावकारी बनाउन प्रदेश र संघीय सरकार संग सहकार्य र समन्वय गरी विशेष कार्यक्रम बनाई लागू गरिनेछ ।
- दलित समुदायलाई सामाजिक न्यायको माध्यमबाट विकासका हरेक क्षेत्रमा विशेष अवसर र पहुँच, सामाजिक अन्तरघुलनको सुश्चितता गरिनेछ। साथै जेठ २१ को जातिय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवसलाई भव्यताका साथ मनाईनेछ ।
- जातीय छुवाछुत तथा भेदभाव विरुद्धको शुन्य शहनशीलताको नीति अबलम्बन गरिनेछ। दलित वर्गहरुको सामाजिक, आर्थिक विकासको लागि सकारात्मक विभेदको नीति अबलम्बन गर्दै सशक्तिकरण र क्षमता विकासमा जोड दिइनेछ ।
- दलितहरुको परम्परागत पेशा र सीपको व्यवसायीकरण र बजारीकरणको लागि आवश्यक वातावरणको वन्दोवस्त गर्ने नीति लिइनेछ।
- दलित विद्यार्थीहरुको लागि **HA, Staff Nurse** अन्य प्राविधिक डिप्लोमा र उच्च शिक्षा अध्ययनका लागि आगामी आर्थिक बर्षका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- दलित समुदायको लागि प्रगतिशिल आरक्षणको व्यवस्था गरिनेछ ।
- छुवाछुत निगरानी केन्द्रको स्थापना गरिने छ ।
- परम्परागत पंन्चेबाजालाई संरक्षण तथा प्रोत्साहनका लागि आवश्यक बजेट विनियोजन गरिने छ।

__ङ) यूवा वर्ग :__

- यूवाहरुलाई स्वस्थ र अनुशासित बनाउनको लागि खेलकुदको विकास र यूवा खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।यूवाहरुलाई आवश्यक पर्ने खेल सामाग्री उपलब्ध गराइनेछ।

- यूवाहरुमा बढीरहेको लागूऔषध दुर्व्यसनीको रोकथामको लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । सबै वडाहरुमा यूवा क्लब गठन गरी यूवा क्लबहरु मार्फत सिर्जनात्मक र रचनात्मक कामहरु गर्नको लागि प्रोत्साहन गरिनेछ।
- यूवाहरुलाई उद्यमशील बनाउन आवश्यक सीप तथा क्षमताको विकास गरिनेछ । युवा स्वरोजगार कार्यक्रम लागु गरिनेछ।

**<u>च) श्रमिक वर्ग :</u>**

- बैदेशिक रोजगारीबाट फर्केकाहरुको सिप, ज्ञान र क्षमताको उपयोगको निती ( Learn, Earn, Return and Use) बनाई कार्यान्वयन गरिनेछ ।
- बेरोजगारहरुको सूची तयार गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत धेरै भन्दा धेरै यूवाहरुलाई रोजगारको प्रत्याभूती गरिनेछ।नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माणको कार्यमा बेरोजगार यूवाहरुलाई परिचालन गर्ने नीति लिइनेछ । श्रमिक हेल्पडेस्क सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।
- श्रमिक वर्गको पारिवारिक दायित्वलाई सहयोग गर्नको लागि आश्रित परिवार वालबच्चाहरुको लागि निशुल्क शिक्षा, सीप तथा आयमुलक तालिम, स्वास्थ्य तथा जीबन बीमाको लागि आवश्यक पहल गरिनेछ ।
- नेपाल सरकारले निर्धारण गरेको अनुसार श्रम ज्यालाको व्यवस्था गरिनेछ । नगरेमा नियमानुसार कारवाही गरिनेछ ।
- बेलौरी नगरपालिका क्षेत्र भित्र रहेका श्रमिकहरुको नगर स्तरीय श्रमिक सञ्जाल गठन गरी आवश्यकता अनुसार तालिमको व्यवस्था गरिनेछ ।

**<u>छ) भाषा, संस्कृति तथा ललितकलाको संरक्षण र विकास :</u>**

- नगरपालिका क्षेत्र भित्र रहेका सबै मठ, मन्दिर, धार्मिक क्षेत्रलाई संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गरिनेछ । यी क्षेत्रको विकासको लागि आवश्यक नीति बनाई लागू गरिनेछ।
- बेलौरी नगरपालिका क्षेत्रभित्र थारु,रानाथारु एंव अन्य जातजातिहरुको भाषा तथा संस्कृतिको संरक्षणका लागि सास्कृतिक संग्राहलयको स्थापना गरिनेछ ।
- बेलौरी न.पा स्थित धार्मिक एंव ऐतिहासिक महत्व बोकेका कालेश्वर महादेव मन्दिर (नक्टा बाबा), शिद्धबाबा मन्दिर, कालिका मन्दिर, त्रिपुरासुन्दरी मन्दिर, हनुमान मन्दिर, कालिकामाई मन्दिरहरुको प्रचार प्रसारमा विशेष जोड दिईनेछ ।

- बेलौरी नगरपालिकाको पर्यटकीय क्षेत्र, संस्कृति परम्परा र संरचनालाई समावेश गरेर फिल्म छायाङ्कन, डकुमेन्ट्री निर्माण गर्नेहरुलाई नगरपालिकाको तर्फबाट आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- **"भाषा र संस्कृतिको सम्मान : लुकेका प्रतिभाको पहिचान"** भन्ने निति अर्न्तगत विविधतामा समेटीएका सवै जातजातीहरुको भाषा, संस्कृति लोकसाहित्य, नृत्य,देउडा गित, संगित, मेला, पर्व जात्राहरुको संरक्षणका लागि रकम विनियोजन गरी सरोकारवालाहरुलाई यस्ता किसिमका कार्यक्रम गर्न प्रोत्साहन गरिनेछ ।
- बेलौरी क्षेत्रका धार्मिक, सांस्कृतिक, पर्यटकीय, भौतिक पुर्वाधार लगायतका कार्यक्रम आर्थिक तथा भौतिक सहयोग प्रदान गर्न इच्छुक संघसंस्था, निजि क्षेत्र, व्यक्ति, ब्यवसायीहरुलाई आव्हान गर्दै उक्त क्षेत्रको ब्यवस्थापन कार्यमा सार्वजनिक निजी साझेदारी अवधारणालाई अगाडी बढाइने छ ।
- आदिवासी जनजाति, सीमान्तकृत तथा लोपोन्मुख समुदायको भाषा तथा मौलिक कला-संस्कृतिको जगेर्ना गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- नगरभित्र आपसी सामाजिक सद्भावलाइ सुदृढ तुल्याउन साँस्कृतिक पर्वहरु माघी मिलन, होली मिलन, गौरा पर्व, तीज, वडका अट्वारी,तमु ल्होसार, नेपाल संवत,मगर संकान्ती आदि पर्वलाई संरक्षण, सम्बर्द्धन, प्रर्वद्धन र विकास गर्न आवश्यक कार्य गरिनेछ।
- नगरपालिका क्षेत्रमा शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला, साहित्य जस्ता पक्षहरुको विकासमा योगदान पुर्याउने व्यक्तित्वहरुलाई नगर पदकले सम्मानित गरिने कार्यको थालनी गरिनेछ ।
- यस नगरपालिका अन्तर्गत बसोबास गर्ने विभिन्न जातजातीहरुले मनाउने तपसिल बमोजिमका मुख्य चाडपर्वहरुको उपलक्ष्यमा संघ तथा प्रदेश सरकारबाट सार्वजनिक विदा दिएको अवस्थामा सोही अनुसार हुने एवं विदा नदिएको अवस्थामा स्थानीय विदा दिने निर्णयलाई यस वर्ष पनि निरन्तरता दिने निर्णय गरियो ।

<u>तपसिलः</u>

- राना थारु तिज गौरा पर्व
- विषु पर्व
- चराइन (राना थारु)
- कृष्ण जन्माष्टमीको दोस्रो दिन
- माघ १ र २ गते
- पुष मसान्त
- गंगा दशहरा
- अटवारी

- योमरी पुन्ही

**ज) स्थानीय मेलमिलाप तथा मध्यस्थता :**

- नागरिकहरुको गुनासो तथा नागरिकहरु बीचमा स-साना विवादहरुलाई स्थानीय स्तरमै सम्बोधन गर्न मेलमिलाप तथा मध्यस्थता सेवालाई वडास्तरमा विस्तार गरी प्रभावकारी बनाईनेछ ।
- मेलमिलाप तथा मध्यस्थताबाट समाधान हुन नसकेका मुद्धाहरुलाई समयमा नै सुनुवाई गर्नका लागि नगर न्यायिक समितिको कार्यलाई थप व्यवस्थित, प्रभावकारी र सर्वसुलभ बनाइनेछ ।

**३) पूर्वाधार क्षेत्र :** कुनैपनि राष्ट्रको समृद्धीको मुल मेरुदण्ड भौतिक पूर्वाधारको विकास नै मुख्य हो । पूर्वाधारलाई दिगो, भरपर्दो र वैज्ञानिक बनाउन सके मात्र हामीले आशा गरेको लक्ष्य प्राप्त गर्न सकिन्छ । यस आर्थिक वर्षमा बेलौरी नगरपालिकाको तर्फबाट पूर्वाधार क्षेत्रको विकासका लागि निम्नानुसारको कामहरु गर्ने नीति लिइनेछ।

**क) भौतिक पूर्वाधार विकास तथा सडक संरचनाः**

- सडक क्षेत्रको ब्यवस्थित विकासका लागि नगरपालिकाबाट तयार गरिएको यातायात गुरुयोजना (MTMP) लागु गरिनेछ। प्राथमिकतामा परेका सडकको रेखाङकन र लगत कट्टाको कार्य सो अनुसार सञ्चालन गरिनेछ।
- **"भुकम्प प्रतिरोधी घर निर्माण गरौ सुरक्षित नगर बनाउ"** भन्ने नीतिलाई अभियानको रुपमा अगाडी बढाइने छ। साथै बस्ती विकास सहरी योजना तथा भवननिर्माण सम्वन्धी मापदण्ड २०७८ बमोजिम भवन निर्माण कार्यलाई लागु गरिनेछ।
- हुलाकी सडकको कार्यलाई समयमै सम्पन्न गर्नको लागि नगरपालिकाको तर्फबाट आवश्यक पहलकदमीका कार्यहरुलाइ विशेष महत्वका साथ अघि बढाईनेछ ।
- बेलौरी नगरपालिकाको गौरबको आयोजना अन्तर्गत रहेको चक्रपथ निर्माणको कार्यलाई तिव्रता दिंदै यसको स्तरोन्नती गर्न आवश्यक कार्ययोजना बनाई लागू गरिनेछ ।
- आयोजनाको गुणस्तर कायम गर्न तथा जनस्तरमा विश्वसनियता बढाउने र अनुगमनलाई प्रभावकारी बनाउने उदेश्यले असारे विकास प्रवृतिलाई निरुत्साहित गर्नेउदेश्यले बैशाख मसान्त सम्म सम्झौता गरी सक्ने निति अवलम्वन गरिनेछ।
- प्रत्येक वडाका केन्द्रलाई टोल र गाँउहरु संग जोड्ने सडकहरुको विस्तार र स्तरोन्नती गरिनेछ ।
- नगरस्तरिय योजना अन्तर्गतका सडकहरुलाई कालोपत्रे गर्न विशेष प्राविधिक मूल्यांकन गरी आवश्यक कार्यमा तिव्रता दिईनेछ।

- खेलकुदको विकासको लागि सुविधा सम्पन्न र आधुनिक रंगशालाहरु निर्माणको कार्यलाई तिव्रता दिईनेछ। क्रिकेट रंगशालाको सुरुवातका लागि आवश्यक पहल गरिनेछ ।
- बेलौरी कलुवापुरको सडकको शुक्लाफाँटा आरक्ष क्षेत्र भित्र कालोपत्रे गर्न बाँकी सडक खण्डलाई यथाशिघ्र कालोपत्रे गरी ४ लेनको सडकमा स्तोरोन्नरीका लागि प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ ।
- हुलाकी सडकको डोकेबजार-दैजी सडक खण्ड स्तोरोन्नरीका लागि संघीय एंव प्रदेश सरकारमा आवश्यक पहल गर्ने निर्णय गरियो ।
- नगरपालिकाबाट यस आ.व.मा सञ्चालन भै सम्पन्न हुन नसकेका अधुरा योजनाहरु सम्पन्न गर्न प्राथमिकता दिइनेछ । साथै बहुवर्षिय योजनामा आवश्यकता अनुरुप बजेट व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

विकासलाई प्रभावकारी एवं गुणस्तरीय बनाउनको लागि टुक्रे योजना छनौट हुने प्रवृतिको अन्त्य गर्दै पुर्वाधार तर्फका योजना रु. ५ लाख भन्दा साना नहुने गरी बजेट विनियोजन गरिनेछ।

**आवास**

- नापि कार्यालय संग समन्वय गरी हरेक जमिन कित्ताको **GIS** आधारमा सर्वेक्षण तथ्यांक अध्यावधिक गरिनेछ ।
- ऐलानी, सार्वजनिक, सरकारी र निजि तथा जोखिम युक्त जग्गामा बसोवास गर्ने सुकुम्वासी र अन्य परिवारहरुको वास्तविकता एकिन गरिनेछ ।
- आधुनिक प्रविधिमा घर नम्बर प्रणालि थालनी गरी प्रयोगमा ल्याईनेछ ।
- भु-उपयोग ऐन २०७६ अनुरुप नगरपालिकालाई विभिन्न क्षेत्रमा वर्गिकरण गरिनेछ । साथै वर्गिकरण अनुसारको प्रयोग पनि सुनिश्चित गरिनेछ ।
- बस्ति क्षेत्र तथा मानव स्वास्थ्यलाई असर गर्ने पशुपक्षीं पालन, उद्योग व्यवसाय र भु-वर्गिकरण बमोजिम अन्य सबै प्रयोजनलाई अन्यत्र स्थानान्तरण गरिनेछ ।

**यातायात**

- सडक संजाल निर्माण र विस्तार गर्दा अधिकतम नगरवासिलाई नगर भित्र र बाहिरको आवत जावतमा सहजीकरण गर्ने गरी आर्थिक सामाजिक तथा वातावरणीय पक्षहरुमा पर्याप्त ध्यान दिई सबैको पहुंच सुनिश्चित गर्ने कुरामा जोड दिईनेछ ।
- हरेक सडक तथा यातायातको कार्यक्रम बनाउदा महिला, जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिको पहुचमा पर्याप्त ध्यान दिईनेछ ।
- नगरपालिका भित्र तथा वाहिरको सडकलाई एकिकृत तवरले यतायातको सुविधा पुर्‍याउन तयार गरिएको नगर गुरु योजना (**MTMP**) अनुरुप सडक संजाल निर्माण र विस्तार गरिनेछ।

- सडक योजना तथा निर्माण गर्दा सरोकारवाला समुदाय तथा बस्तीको समस्या पहिचान गरि सो समस्या समाधानमा केन्द्रीत गरी बनाइनेछ ।
- सडक सुरक्षाको दृष्टिकोणबाट दुर्घटनाको सम्भाव्यतालाई मध्यनजर गर्दै **Road Safety Auditing** गर्नुका साथै सडक सुरक्षा सम्बन्धी विभिन्न उपाय अपनाईनेछ ।
- नगरपालिका स्तरीय बस पार्क निर्माण सम्पन्न गरिनुका साथै सेवा केन्द्रहरु, औद्योगिक व्यवसायिक र पर्यटकिय क्षेत्र लक्षित पार्किङको व्यवस्थापनलाई प्राथमिकता दिइनेछ त्यसका लागि संघ र प्रदेश संग आवश्यक समन्वय गरिनेछ ।
- यातायात पूर्वाधार र सेवाका कार्यक्रम तय गर्दा भू उपयोग योजनामा तालमेल मिल्ने गरी तय गरिनेछ ।
- बार्षिक बजेट तथा पुँजि सुधार कार्यक्रम तथा सडक गुरुयोजनामा बढी लाभका सडक पूर्वाधार योजनामा प्राथमिकताका साथ बजेट विनियोजना गरिनेछ ।
- सार्वजनिक संरचना निर्माण गर्दा बढी जनसंख्या समेट्ने कार्यक्रमलाई मुख्य प्राथमिकता दिईनेछ ।
- सार्वजनिक पूर्वाधारको डिजाइन गर्दा स्थानीय विशेषता र सामूदायिक विशिष्ठतामा ध्यान दिईनेछ ।
- नगरवासीलाई सार्वजानिक सेवाको पहुँच बढाउन योगदान गर्ने संघ तथा प्रदेशका सेवा प्रदायक निकायका भवन निर्माणका नगरका तर्फबाट जग्गा व्यवस्थापन लगायत सहयोग र समन्वय गरिनेछ।
- सार्वजनिक निर्माणमा लागि तोकिएको ठाँउको माटो र अन्य जोखिम लगायतका इन्जिनियरङ सुझाव लिएर मात्र यसको निर्माण लागत विश्लेषण गरिनेछ ।
- निर्माण सम्पन्न भएका सबै प्रकारका सडकको अभिलेख अद्यावधिक गर्दै निश्चित अनुपातमा कालोपत्रे, स्तरोन्नति तथा नयाँ सडक खोल्ने बजेट व्यवस्था गरिनेछ ।

**<u>ख) घरजग्गा धनीपुर्जा वितरण तथा भू उपयोग नीति :</u>**

- विगत लामो समयदेखि बसोबास गरिहेका अव्यवस्थित, सुकुम्बासी तथा भूमिहिनहरुको तथ्यांक संकलन गरी आवश्यक लगत राखिनेछ । सुकुम्बासी र भूमिहिनहरुलाइ जग्गाधनी पूर्जा उपलब्ध गराउन प्राथमिकता साथ आवश्यक कार्य गरिनेछ।
- सम्पूर्ण नगरपालिका क्षेत्रमा नापी नक्सा, घर जग्गा धनीपूर्जा र घर नम्बरलाई मिलान गरी भौगोलिक सूचना प्रणाली ( GIS) मा आधारित अद्यावधिक अभिलेख तयार गर्ने अभियान शुरु गरिनेछ । नगरपालिका क्षेत्रमा जग्गा खण्डीकरण गरी विना स्वीकृति प्लानिङ्ग गर्ने कार्यलाई कानुनी दायरामा ल्याउन एकीकृत जग्गा विकास योजना स्वीकृति नलिए सम्मका लागि कित्ता काट गर्ने र नक्सापास तथा अन्य भौतिक संरचनाहरुको निर्माणको लागि सिफारिस तथा स्वीकृति रोक्का राखे नीति लिईनेछ । यस नीतिको विपरित गएमा कानुन बमोजिम कारबाहीको दायरामा ल्याईनेछ ।
- सार्वजनिक जग्गा संरक्षण निर्देशिका तयार गरी सबै सरकारी सार्वजनिक जग्गा नगरपालिकाको मातहतमा ल्याउने व्यवस्था गरिनेछ ।

- यस नगरपालिका क्षेत्रमा विद्यमान रहेको जग्गा, बाटो, घर, तथा अन्य क्षेत्रको कित्ता र क्षेत्रफलको समस्या समाधानका लागि डिजिटल प्रविधिमा आधारित नाप नक्सांकन गर्नका लागि संघीय सरकार तथा सम्बन्धित निकाय संग आवश्यक समन्वय गरी काम गरिनेछ।
- भूमि सम्बन्धी समस्या समाधान आयोग सँग समन्वय तथा सहकार्य गरी भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको संकलन गरिएको तथ्यांक अनुसार जग्गाको नाप जाच गरी लालपुर्जा वितरण प्रकृया यथाशिघ्र अगाडी बढाईनेछ।
- छुट भएका मुक्त हलिया, मुक्त कमैया र मुक्त कमलरी परिवारहरुको पहिचान र लगत सङ्कलनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सिमा क्षेत्र संग जोडिएका जग्गाको संरक्षणका लागि आवश्यक पहल गरिनेछ ।

## ग) खानेपानी, उर्जा र वैकल्पिक उर्जा :

- दिगो विकास लक्ष्य अनुरुप नागरिकको स्वच्छ खानेपानीको उपभोगमा समान पहुँच कायम गर्नका लागि खानेपानी विस्तार सहित शुद्ध खानेपानीमा आम नगरबासीको सहज पहुँचलाई बृद्धि गरिने छ ।
- अव्यवस्थित एवं अनाधिकृत रुपमा बोरीङ्ग गरी खानेपानी विक्रिवितरण गर्ने कार्यलाई व्यवस्थित र वैधानिक गर्दै खानेपानी संस्थानको सिफारिसमा स्वीकृति लिएर मात्रै कार्य गर्नका लागि अनुमति प्रदान गर्ने नीति लिईनेछ । आगामी दुई वर्ष भित्रमा यस नगरपालिकाका सबै वडाहरुमा सफा, स्वच्छ र सुरक्षित पिउनेपानी को आपूर्ति व्यवस्था मिलाइनेछ ।
- सोलार उर्जा जडानमा अनुदान र छुटको व्यवस्था सहित नगरका सवै वडाभित्र सबै टोलका सडकहरुमा सोलार वत्ती जडान गरी नगर उज्यालो कार्यक्रमलाई निरन्तरता दिनुका साथै थप प्रभावकारी गराइनेछ ।
- सार्वजनिक शौचालयहरुमा बायोग्यास प्लान्ट जडान गर्ने व्यक्ति वा संस्थालाई प्राविधिक सहयोग सहित अनुदानको व्यवस्था गरिनेछ । गोबर ग्यास प्लान्टको लागि आवश्यक प्रवर्द्धनात्मक कार्यहरु गरिनेछ ।
- भौगर्भिक पानीका स्रोत एकिकृत गरी बेलौरी नगरपालिका भरका लागि समान पानि वितरण प्रणाली तयार गरिनेछ । यसका लागि आवश्यकता अनुसार निजी क्षेत्र तथा सामुदायिक संघ संस्था सँग सहकार्य गरिनेछ ।
- जनसंख्याको चाप र अधिकतम पहुँच दिलाउने गरी कलस्टर, वडा, बस्ती वा समुदाय स्तरमा उपयुक्त स्थानहरुमा पानि संकलन ट्याकीं निर्माण गरी तोकिएको वितरण केन्द्र वा संयन्त्र मार्फत उपभोक्ताको घर सम्म पानि वितरण गरिनेछ ।
- वितरणको लागि जटिल हुने र अधिक लागत लाग्ने घर बस्ती सार्न नसकिने साना बस्ती वा एकाध परिवारमा पानि आपुर्ति गर्न पम्पीङ विधि अपनाईनेछ ।

- **"एक घर, एक धारा कार्यक्रम"** अन्तर्गत माग र स्रोतको उपलब्धतालाई ध्यान दिँदै खानेपानीको पहुँच विस्तार गरिनेछ ।

<u>सार्वजनिक सरसफाई</u>

- आधारभुत रुपमा मानविय फोहोर संकलन र व्यवस्थापनका लागि न्युनतम मापदण्ड आवश्यक परियोजन हुने गरी अनुसार घरधुरी स्तरको सेप्टिक ट्याकीं निर्माणलाई अनिवार्य बनाउने नितिलाई निरन्तरता दिइनेछ । नगरपालिका भरी सेप्टिक ट्याकी प्रणाली व्यावस्थापनका बारे जनचेतना तथा अभिमुखिकरण गरिनेछ ।
- कम फोहोर उतपादन गर्ने, पुनः प्रयोग तथा पुनः चक्रणका जनचेतना कार्यक्रमहरु समुदाय तथा विद्यालयहरुमा पुऱ्याउनुका साथै घरदुरी स्तरबाट फोहोर कम गर्ने, पुनः प्रयोग गर्ने तथा अन्तिम विकल्पका रुपमा पुनः चक्रण गरिने अवधारणालाई आधार बनाई उत्प्रेणात्मक र सचेतनात्मक गतिविधि संचालन गरिनेछ ।
- नगरको समग्र फोहोरमैलाको समुचित र दिर्घकालिन व्यवस्थापन मार्फत सफा, सुन्दर, स्वच्छ, हरित, सुरक्षित र सबल नमूना शहरको रुपमा विकास गरिनेछ ।
- प्रत्येक घर तथा व्यवसाय बाट उत्पादित फोहोरको मात्रा र प्रकृती हेरी (कुहिने र नकुहिने) फोहोरमैला व्यवस्थापन कार्ड बनाई सरसफाईको व्यवस्था मिलाईनेछ । फोहोर संकलन तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रको साझेदारी र सहकार्य लाई व्यवस्थित रुपमा परिचालन गरिनेछ।
- बेलौरी नगरपालिका क्षेत्र भित्र प्रयोग भईरहेको कालो पोलिथिन ब्याग २०७९ श्रावण १ गते देखि लागु हुने गरी पूर्णरुपमा निषेध गरिनेछ।
- बेलौरी नगरपालिका क्षेत्र भित्र उत्पादन हुने फोहरमैलाको बेलौरी न.पा संग सिमाना जोडिएका छिमेकी पालिका, सामुदायिक वन एंव सरोकारवाला निकाय संग समन्वय गरी उपयुक्त स्थान पहिचान गरी दिर्घकालिन व्यस्थापन गरिनेछ ।

<u>घ) सूचना तथा संचार</u> :

- नगरभित्र सञ्चालनमा रहेका र सञ्चालनमा आउने एफ.एम रेडियो, पत्रपत्रिकाहरु तथा टि.भि को प्रसारण,सञ्चालन, दर्ता, नविकरण आदि कार्यको लगत व्यवस्थित गरिनेछ ।
- सामुदायिक रेडियोको विकास र यसक्षेत्रमा कार्यरत संचारकर्मीहरुको ज्ञान, सीप, क्षमता अभिवृद्धिको लागि आवश्यक कार्य गरिनेछ ।
- नगरका कार्यक्रम, सेवा तथा योजनाका बारेमा नगरबासीलाई सु- सुचित गर्न चौमासिक रुपमा नगर बुलेटिन प्रकाशन गरिनेछ।

- नगरका सम्पूर्ण वडाहरुमा इन्टरनेटको सुविधासहित टेलिफोन सेवा र पुस्तकालय सुविधा उपलब्ध गराउन आवश्यक कार्य गरिनेछ।
- बिजुलीको सेवा नपुगेका घरदुरीहरुमा बिजुली पुऱ्याउन उपकरण तथा लाईन बिस्तारका लागि चाहिने जग्गा व्यवस्थापन नेपाल विद्युत प्राधिकरण सँग आवश्यक समन्वय गरी नगरपालिकाको तर्फबाट यस कार्यको सहजिकरण गरिनेछ ।
- बिजुलीको मिटर जडान नगरी उपयोग गर्ने घरधुरी स्तरमा मिटर जडानलाई अनिवार्य बनाईनेछ ।
- सबै वडा केन्द्र, पार्क तथा मनोरन्जन स्थल, समुदाय तथा टोलहरुमा स-शुल्क तार रहित ईन्टरनेट सेवा उपलब्ध गराउनका लागि नगर केन्द्रमा सेवा प्रदान गरिरहेका सेवा प्रदायकहरुलाई उत्प्रेरित गरिनेछ ।
- मोबाइल टेलिफोनको नेटवर्क राम्रो नभएको स्थानमा टेलिफोन टावर स्थापनाका लागि नेपाल टेलिकम लगायतका सेवा प्रदायक सँग आवश्यक समन्वय गरिनेछ । टेलिफोनका टावर स्थापना गर्दा समुदाय बाट टाढा, सुरक्षित र शहरी सौन्दर्यमा असर नपर्ने गरी स्थापना गर्न लगाईनेछे ।
- स्थानीय एफ.एम. रेडियोलाई किसानको समय समेत विचार गरी बेलौरी नगर केन्द्रीत कृषि कार्यक्रम उत्पादन र प्रसारण तथा यँहाको पर्यटन प्रवर्द्धनका कार्यक्रम उत्पादन र प्रवर्द्धनका लागि प्रोत्साहित गरिनेछ ।
- इन्टरनेट, दुरसंचार, एफ.एम. रेडियो तथा छापा र अनलाईन संचार माध्यमलाई नगरपालिकाबाट हुने आर्थिक गतिविधि तथा सेवा प्रवाहका सन्दर्भमा आम सरोकारका विषयमा जानकारी उपलब्ध गराउन प्रेरित गरिनेछ ।

**ङ) नगर स्तरीय गौरबका आयोजना तथा परियोजनाहरु :**

- प्रत्येक वडामा एउटा एउटा गौरबका आयोजनाहरुको निर्माण गर्न आवश्यक नीति तय गरिनेछ ।
- चक्रपथ निर्माण, बन्दाताल व्यवस्थापन, सामुदायिक भवन निर्माण, कुण्डा पिक्निक स्पोर्ट नगर उद्यान निर्माण र शोभाताल पर्यटकीय क्षेत्रको कामलाई तिव्रता दिईनेछ ।
- यस क्षेत्रलाई कृषिको हब बनाउनको लागि कृषि गुरु योजना अनुरुप कृषिको प्रवर्द्धन गर्ने तथा कृषि क्षेत्रको वृहत विकास गरिनेछ।
- औद्योगिक ग्रामको स्थापना गरी कृषि, उद्योग, वन जस्ता क्षेत्रबाट आर्थिक क्षेत्रको उल्लेखनीय बृद्धि गर्ने नीति लिईनेछ।

- नगरपालिका क्षेत्र भित्रका मुख्य मुख्य बजार क्षेत्र र भित्रि बाटोहरुको कालोपत्रे गर्ने कार्य लाई तिव्रता दिईनेछ ।
- फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईटको समुचित व्यवस्थापन गरिनेछ ।
- निर्माण सुरु भएको भित्रि रिङरोडको निर्माण कार्यलाई तिव्रता दिईनेछ ।
- बेलौरी छोटी भन्सारको स्तोरोन्नतीका लागि आवश्यक पहल गरिनेछ।

**४. वन, वातावरण तथा विपद्ध व्यवस्थापन** : हाल बढिरहेको जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गरी वातावरण संरक्षण गर्नको लागि वातावरण तथा विपद् व्यवस्थापनको क्षेत्रमा निम्नानुसारको काम गर्ने नीति लिइएको छ।

- सामुदायिक वनहरुको संरक्षण र सम्बर्द्धनमा आवश्यक कार्यहरु गरिनेछ ।
- नगर भित्रका वन तथा जंगलहरुको संरक्षण र नियमन गरिनेछ साथै नदि किनारमा कटान रोक्नको लागि वृक्षारोपण गर्न प्रेरित गरिनेछ।
- यस नगरपालिका क्षेत्र भित्र रहेका प्राकृतिक स्रोतहरुको खोजी, पहिचान, परिचालन र प्रवर्द्धन लाई योजनाबद्ध तरिकाले अगाडी बढाईनेछ।
- वन पैदावारको बढ्दो खपतलाई सहज गर्न निजी जग्गामा वन लगाउन निजी वन किसानलाई प्रोत्साहन गरिनेछ।
- नगरमा रहेका जंगलहरुको दिगो व्यवस्थापनलाई प्रवर्द्धन गरिने साथै वन फडानी नियन्त्रित गरिने र मासिएका जंगलहरुको पुनर्स्थापना एवं वन क्षेत्र बृद्धि गरिनेछ ।
- वनमा संलग्न समूह लगायत अन्य नगरवासीको समेत वनजंगल एवं जैविक विविधता संरक्षण सम्बन्धी चेतनास्तर बढाउन उपयुक्त कार्यक्रम तय गरी कार्यान्वियन गरिनेछ ।
- नदिजन्य पदार्थहरु जस्तै ढुँगा, गिट्टि र बालुवाको आंकलन गरी निर्दिस्ट क्षेत्रहरुबाट त्यस्त वस्तुहरुको उत्खनन, संकलन, प्रशोधन, ओसारपसार र विक्रि वितरणलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- जमिन, ध्वनी, वायु प्रदुषण रोकथाम सम्बन्धी राष्ट्रिय मापदण्ड अनुकुल कार्यविधि एवं निर्देशिकाहरु तयार गरी कार्यान्वयनका साथै प्रदुषण पिडितलाई प्रदुषणबाट क्षतिपुर्ति उपलब्धता गराउन पहल गरिनेछ र सो को नियमित अनुगमन पनि गरिनेछ ।
- औद्योगिक क्षेत्रहरुमा प्रदुषण नियन्त्रण प्रणाली स्थापना गरिनेछ ।
- नगरको विपद तथा आपतकालिन व्यवस्थापन एवं जालवायु परिवर्तन अनुकुलन कार्ययोजना बनाई विपद व्यवस्थापन चक्रका सबै चरणहरुलाई योजनावद्ध एवं व्यवस्थित बनाईनेछ ।

- विपद तथा जलवायु उत्थानसिल योजनाले निर्देशन गरे अनुरुप बाढी, आगलागि तथा स्वास्थ्य माहामारी नियन्त्रण तथा तत्काल प्रतिकार्यका लागि चाहीने खुला स्थान निर्धारण गर्नुका साथै वडा र नगर स्तरमा विपद व्यवस्थापनका न्युनतम जनशक्ति, पूर्वाधार एवं उपकरणको व्यवस्थापन गरीनेछ ।
- आपतकालिन अवस्थामा नागरिकहरुको सुरक्षाका लागि उपयुक्त सुरक्षा प्रबन्ध सहितको आश्रय स्थल, खाद्यान्न भण्डार स्थल तथा गैर खाद्य सामाग्री एवं उपकरणको पुर्ण व्यवस्था गरिनेछ ।
- वडा स्तरमा सुरक्षित आश्रय स्थल निर्माण गरिनेछ ।
- वनको सघन व्यवस्थापनका लागि पर्ति, चौर र नदी उकास जमिनमा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ । यसरी वृक्षारोपण गर्दा ठाउँ हेरी फलफूल र उपयोगी वृक्षको छनौट गरिनेछ ।
- सिमसार क्षेत्रहरुको संरक्षण र व्यवस्थापन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- मानव-वन्यजन्तु द्वन्द्व न्यूनिकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर एवं वडास्तरीय विपद् व्यवस्थापन समितिलाई प्रभावकारी एवं व्यवस्थित गरिनेछ ।
- नगरमा भुकम्प, वाढी, हावाहुरी, असिना, चटयाङ, आगलागी, सर्पको टोकाई जस्ता विपद्, प्रकोप, दुर्घटनाको व्यवस्थापन गर्न स्थापित विपद् व्यवस्थापन कोषलाई व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गरिनेछ।
- दोदा नदीको तटबन्धनका लागि प्रदेश एंव संघीय सरकारमा पहल गरिनेछ ।
- प्रत्येक वडामा विपद् व्यवस्थापन समिति मार्फत आईपर्ने विपद्को तत्कालिन उद्धार तथा राहत एवं सहयोगमा सहजीकरण गरिनेछ ।जोखिमयुक्त आवासीय क्षेत्रलाई जोखिम रहित क्षेत्रमा पूर्वाधार निर्माण गरी स्थानान्तरण गरिनेछ।
- बाढी, डुवान,हावाहुरी, आगलागी,भुकम्प, झाडापखाला, महामारी, चट्याङ आदीको जोखिम असर र यसको न्युनिकरण तर्फ जनचेतना अभिबृद्धि गर्न कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- प्राकृतिक प्रकोपको हिसावले जोखिममा रहेका स्थानहरुमा बृक्षारोपण कार्यक्रम सञ्चालन गरी बातावरणीय सन्तुलन कायम राख्दै हरियाली प्रवर्द्धन गरिने छ। बाढी तथा डुवानको जोखिममा रहेका स्थानहरु तथा बस्तीहरुको सुरक्षाका लागि संकटापन्न क्षेत्रमा भुक्षय तथा नदी कटान रोकाथामका लागि तटबन्धन कार्यक्रम सञ्चालन गरिनेछ।

**<u>५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन</u>** : सुशासन राज्य व्यवस्था सञ्चालनको प्रमुख आधार हो । स्थानीय सरकारलाई पारदर्शी, जवाफदेही, जनमैत्री, भ्रष्टचारमुक्त बनाई सुशासनयुक्त बनाउन आवश्यक नीति तथा कार्यक्रम तय गरिएको छ।

**<u>क) नगर सुशासन तथा जनशक्ति व्यवस्थापन :</u>**

- बेलौरी नगर क्षेत्र भित्रको सडक, खानेपानी, बिजुली, दुरसंचार, फोहोरमैला व्यवस्थापन, ढल निकास आदिको एकीकृत सेवा र सुविधा प्रदान गरिनेछ ।
- बेलौरी नगरपालिकाको हालको संगठन संरचना तथा विषयगत विभाग, शाखा वा ईकाइ सहितको भावी संगठन सहितको भावि संगठन संरचना समेतलाई दृष्टिगत गरी पर्याप्त मात्रामा कार्यकक्ष, बैठककक्ष तथा सभाहल सहितको भौतिक पूर्वाधारको उपलब्धता सुनिश्चित गरिनेछ ।
- सुशासनको लागि आर्थिक पारदर्शीता भन्ने नीति कार्यान्वयन गर्न प्रमुख, उपप्रमुख तथा कार्यपालिका सदस्य र सम्पूर्ण कर्मचारीहरुले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्ने नीति लिइनेछ ।
- जनतालाई दिने सेवालाई चुस्त, द्रुत र सरल बनाउनका लागि सबै वडा कार्यालयहरुलाई इन्टरनेट सर्भिसमा रुपान्तरण गरिनेछ ।
- बेलौरी नगरबासीका लागि शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी लगायतका आधारभुत सेवा र दैनिक उपभोग्य वस्तुहरु सहज र सुपथ मूल्यमा प्राप्त हुने व्यवस्था मिलाउन पहल गरिनेछ।
- नगरका निर्णय तथा आर्थिक गतिविधिका सूचनामा आम नागरीकको पहुँच बढाउन सूचना व्यवस्थापन र प्रवाहका बढी भन्दा बढी माध्यमको उपयोग गरिनेछ ।
- जनताको गुनासो यथोचित सम्बोधन गरी नगर सरकार र जनता बीच आपसी विश्वास समन्वय र सम्बन्ध बढाउन "जनता सँग नगर प्रमूख" कार्यक्रमलाई अगाडी बढाईने छ ।
- नगरबाट कार्यान्वयन हुने सबै किसिमका पूर्वाधार र निर्माणका कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र निगरानीमा नागरिक सहभागिता सुनिश्चित गर्ने विधि तय गरी कार्यान्वयन गरिनेछ ।
- उपभोक्ता समितिका पदाधिकारी तहमा महिला सहभागिता र सम्बन्धित समुदायको जनसांख्यिक समिश्रणका आधारमा दलित, आदिवासी जनजाती तथा सिमान्तकृत वर्गको सहभागिता सुनिश्चित गरिनेछ ।
- विकासका कार्यक्रम र वजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी र गरिबी निवारण केन्द्रित पद्धति कार्यान्वयन गरिनेछ ।
- नगर तथा अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा तथा सुविधमा नागरिकको धारणा र सन्तुष्टि आकलन गर्ने सामाजिक परिक्षण, सार्वजनिक सुनवाई, सार्वजनिक परिक्षण, हेल्प डेस्क, नागरिक प्रतिवेदन प्रणाली जस्ता सामाजिक जवाफदेहिताका उपयुक्त औजारहरुको समयबद्ध रुपमा उपयोग गरिनेछ ।
- नगर र नगर अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा र सुविधा प्राप्तिको प्रकृया थप सरल बनाईनेछ।
- राजश्व भुक्तानी, सिफारिस, नक्सा स्विकृत प्रकृयाहरुलाई विद्युतिय प्रणालिमा आवद्ध गर्दै लगिनेछ ।
- यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको समयानुकुल क्षमता तथा दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ।

- यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको सरुवा, पुरस्कार, वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनसँग आवद्ध गरिनेछ ।
- स्थानीय तहका पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।
- भ्रष्टाचारलाई न्यूनीकरण गर्न भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता नीति अबलम्बन गरिनेछ ।
- साबिक स्थानीय निकायका कर्मचारिहरुको लामो समय देखि रोकिएको बढुवालाई अगाडि बढाउने सम्बन्धमा संघीय सरकारबाट पारित मापदण्डको अधिनमा रहेर बढुवा प्रक्रियालाई अगाडि बढाईनेछ।
- नेपाल सरकारको २०७९ साल श्रावण १ गते देखि लागु हुने गरी निर्धारण गरेको कर्मचारी तलब बृद्धीलाई समेत समावेश गरी बजेट विनियोजन गरेको छु ।
- कर्मचारी प्रशासनलाई थप जिम्मेवार, जवाफदेही र उत्तरदायी बनाई सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री, चुस्त, दुरुस्त र गुणस्तरीय बनाउनका लागि शाखा प्रमुखसँग कार्य सम्पादन सम्झौता गरिनेछ ।
- यस नगरपालिकामा कार्यरत एम.आई.एस अपरेटर तथा फिल्ड सहायकहरुको अर्धबार्षिक पारिश्रमिक यसै कार्यालयबाट व्यवस्थापन गरिनेछ।

**<u>ख) स्थानीय तथ्यांक र अभिलेख संकलन :</u>**

- सार्वजनिक तथा सरकारी सम्पत्तिको तथ्यांक राखी संरक्षण र सदुपयोग गरिनेछ । साथै मानव संसाधन, प्राकृतिक स्रोत साधन, धार्मिक, साँस्कृतिक पुरातात्विक सम्पदा आदिको अभिलेखीकरण तयार पारी आवश्यक संशोधनको लागि पहल गरिनेछ।
- नगर पार्श्वचित्र अनुसार समग्र नगरपालिकाको जनसंख्या, घरधुरी संख्या, शैक्षिक स्थिति, स्वास्थ्य अवस्था, आयस्रोतको अवस्था जस्ता विविध पक्षहरुको समुचित तथ्यांक अद्यावधिक गरिनेछ ।
- बेलौरी नगरपालिकालाई पुर्ण रुपमा व्यक्तिगत घटना दर्ता भएको नगरपालिका घोषणा गर्नका लागि व्यक्तिगत घटना दर्ता अभियान संचालन सहीतको कार्यक्रम संचालन गरिने छ।
- विपन्न तथा न्यून आय भएका नागरिक, जनजाती, दलित, एकल महिला, एकल पुरुष, अपांग, बालश्रमिक, सडक बालबालिका, हिंसा पिडित महिला, अल्पसंख्यक जाती, आरक्ष पिडित, द्धन्द्ध पिडित र शहिद तथा वेपत्ता परिवारहरुको अभिलेख तयार गरी आवश्यक सम्बोधन गरिनेछ ।

**<u>ग) कर सेवा, शुल्क तथा राजश्व :</u>**

- नगरबाट लिइने कर, राजश्व तथा सेवा शुल्क आदि व्यवस्थित र नियमित गरिनेछ। **हाम्रो नगर हाम्रो कर, समृद्ध बनाउने हाम्रो रहर** भन्ने नारालाई साकार पार्न कर सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रगतिशील कर प्रणालीका आधारमा करको दायरा बढाईनेछ ।

- एकीकृत सम्पत्ति कर र बहाल विटौरी करलाई व्यवस्थित रुपमा लागू गरिनेछ ।
- नगरपालिकाको आन्तरिक आयलाई थप सुदृढिकरण र व्यवसायहरुलाई करको दायरामा ल्याउनको लागि कर उत्प्रेरक को व्यवस्था गरिनेछ । नगरको आन्तरिक आयको विश्लेषण गरी स्रोतहरुको उपलब्धता यकिन गरिनेछ । राजश्व तथा कर असुलीका नयाँ स्रोतहरुको खोजी गरी नगरपालिकाको आन्तरिक आयलाई वढवा दिईनेछ र यसको समुचित व्यवस्थापन गरिनेछ।
- मालपोत तथा भूमिकर भूमि वर्गिकरणको आधारमा निर्धारण गरि लागू गरिनेछ ।
- घर नक्सा पास, प्रमाणीकरण, अभिलेखीकरण, कर राजश्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइनेछ । उत्पीडित, दलित, विपन्न तथा गरिब र अपांग भएको प्रमाणित गर्न गरिने सिफारिसलाई निशुल्क गरिनेछ।
- नगर क्षेत्रभित्र व्यवसाय संचालन गरेका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय तथा फर्म नगरपालिकामा दर्ता गर्नुपर्नेछ । व्यवसायीहरुले नगरपालिकामा आफ्नो व्यवसाय तथा फर्म वार्षिक रुपमा नविकरण नगरे घरेलु तथा साना उद्योग, उद्योग वाणिज्य संघ र आन्तरिक राजस्व कार्यालयवाट दर्ता नविकरण नहुने तथा नगरपालिका क्षेत्र भित्र संचालित बैंकहरुमा वित्तीय कारोबार नहुने व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ।
- घरभाडाको क्षेत्र तोकी न्यूनतम दररेट निर्धारण गरी घरवहाल कर लिईनेछ । साथै नगर क्षेत्र भित्रका सम्पुर्ण घर बहालमा दिने घरधनी र व्यवसायीहरुको तथ्यांक अद्यावधिक गरी राखिनेछ।
- नगरबासीहरुलाई सम्बन्धित वडा कार्यालयहरुबाट नै सम्पुर्ण कर तथा दस्तुर तिर्नको लागि सफ्टवेयर र आवश्यक जनशक्तिको व्यवस्था गरी कर तिर्ने व्यवस्था मिलाइएकोले सो कार्यलाई निरन्तरता दिइनेछ तथा कर्मचारीहरुलाई यो विषयमा आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाइनेछ।
- मुक्त कमैया, मुक्त हलिया,सुकुम्वासी,आरक्ष पिडित,शहिद तथा बेपत्ता परिवार र द्वन्द पिडितहरुलाई व्यवसाय दर्ता निशुल्क गरिने छ ।
- तत्कालिन शान्ति समितिले प्रमाणित गरेका १० वर्षे जनयुद्ध कालमा शहिद तथा बेपत्ता पारिएका परिवारलाई एकिकृत सम्पत्ती कर मिनाहा गरिने छ ।
- टोल विकास संस्था गठन तथा दर्ता प्रकृयालाई अगाडी बढाईनेछ ।

**६. रोजगार कार्यक्रम सम्बन्धी नीति तथा कार्यक्रम :**

- कामको सम्मान, स्वरोगारी, र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन युवा उद्यमशिलता विकास गर्दै लगिनेछ।
- रोजगार सेवा केन्द्रमा सुचिकृत भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीमा संलग्न गराउन श्रममुलक सामुदायिक आयोजना मार्फत संरक्षणको व्यवस्था गर्दै क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।
- देशमा विद्यमान बेरोजगारी दर कम गर्नका लागि यस स्थानीय तहका सुचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन आह्वान गरी रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ।
- स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका सुचिकृत बेरोजगारव्यक्तिहरुलाई **युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु** तथा **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु**थप सशक्त रुपमा सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराइनेछ।
- बैदेशिक रोजगारी बाट फिर्ता आएका श्रमिकहरुको सिप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ साथै स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय यूवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।
- श्रम सम्बन्ध लाई प्राथमिकता दिंदै सार्वजनिक पुर्वाधार निर्माण,कृषि, व्यवसायिक उद्योग,वित्तिय क्षेत्रबाट रोजगारी सिर्जनामा जोड दिई पालिका स्तरीय नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ।
- सरकारको निति अनुरुप रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी श्रम बैंकको रुपमा स्थापित गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि संघीय सरकारबाट प्राप्त बजेट श्रमिकको ज्यालामा मात्र खर्च गर्नुपर्ने भएकोले आयोजनामा लाग्ने निर्माण सामाग्री तथा औजारहरुको लागि स्थानिय तहको लागत साझेदारीमा पनि आयोजना संचालनमा जोड दिइनेछ ।
- यस नगरपालिका भित्र बसोबास गर्ने अति विपन्न, गरिब, श्रमिक, मजदुर परिवारहरुको पहिचान गरी न्यूनतम आवश्यकता बाट बञ्चित नहोउन भन्ने उद्देश्यले आन्तरिक रोजगारी वा स्वरोजगारीमा संलग्न गराउने कार्य पहिलो प्राथमिकता हुनेछ।

नगर सरकारको उल्लेखित निति तथा कार्यक्रमको परिधी भित्र रही आर्थिक वर्ष २०७९।०८० मा सिमित श्रोत र साधनका बाबजुद यस नगर सरकारले अधिकतम प्रतिफल हासिल हुनेगरी वजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यहोरा गरिमामय सभामा जानकारी गराउँछु । साथै संघीय सरकार र प्रदेश सरकारले अघि सारेका निति, कार्यक्रम तथा संचालन गर्ने हरेक कृयाकलापमा यस नगर सरकारले आवश्यक समन्वय गरी अघि बढ्नेछ ।

अन्त्यमा, निति तथा कार्यक्रम तय गर्ने सिलसिलामा अमुल्य सहयोग प्रदान गर्नुहुने यस बेलौरी नगरपालिकाका सम्पुर्ण निर्वाचित जनप्रतिनिधि,विभिन्न समितिहरुका सदस्य ज्युहरु, विषयगत समितिका सदस्य ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु एंव सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्न चाहान्छु ।